# चन्दननाथ नगरपालिका जुम्ला

## बसपार्क व्यवस्थापन कार्यविधि, २०८३

चन्दननाथ नगरपालिका जुम्लाको स्वामित्वमा रहेको नव निर्मित बसपार्कलाई व्यवस्थित रुपमा सञ्चालन तथा व्यवस्थापन गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (७) बमोजिम चन्दननाथ नगरपालिकाले यो कार्यविधि जारी गरेको छ।

### परिच्छेद-१

### संक्षिप्त नाम र प्रारम्भ

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम "बसपार्क व्यवस्थापन कार्यविधि, २०८३" रहेको छ ।

(२) यो कार्यविधि चन्दननाथ नगरपालिकाले स्वीकृत गरेको मिति देखि लागू हुने छ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ न लागेमा यस कार्यविधिमा

(क) "बसपार्क" भन्नाले चन्दननाथ नगरपालिकाद्वारा निर्मित चन्दननाथ नगरपालिका वडा नं.६ मा रहेको बसपार्क सम्झनु पर्दछ।

(ख) "समिति" भन्नाले दफा (४) बमोजिम गठित बसपार्क व्यवस्थापन समितिलाई सम्झनु पर्दछ ।

(ग) "कार्यपालिका" भन्नाले चन्दननाथ नगरपालिका जुम्लाको नगर कार्यपालिका सम्झनु पर्दछ ।

(घ) "नगरपालिका" भन्नाले चन्दननाथ नगर कार्यपालिकाको कार्यालय जुम्लाको सम्झनु पर्दछ ।

(ङ) "लामो दूरीका बस" भन्नाले जुम्ला जिल्लाभन्दा बाहिरी जिल्लाका विभिन्न स्थानमा ५ घण्टाभन्दा बढी यात्रा समय लाग्ने दूरीका बस सम्झनु पर्दछ ।

(च) "छोटो दूरीका बस" भन्नाले जुम्ला जिल्ला सहित बाहिरी जिल्लाका विभिन्न स्थानमा ५ घण्टाभन्दा कम यात्रा समय लाग्ने दूरीका बस सम्झनु पर्दछ ।

(छ) प्राविधिक उपसमिति भन्नाले दफा ६ बमोजिमको प्राविधिक उपसमिति सम्झनु पर्छ ।

(ज) अमानत भन्नाले नगरपालिकाले आफ्नो शाखा गत कर्मचारीहरूलाई कार्य जिम्मेवारी सहित खटाइ बसपार्क क्षेत्रहरूबाट राजस्व उठाउने लगायत बसपार्क क्षेत्रहरूको व्यवस्थापन तथा सञ्चालन गर्ने कार्य सम्झनु पर्छ ।

(झ) "ठेकेदार" भन्नाले नगरपालिकासँग सम्झौता गरी बसपार्क क्षेत्र सञ्चालन/व्यवस्थापनको जिम्मा लिएको प्रचलित कानुन बमोजिम दर्ता फर्मको प्रोप्राइटर।

राजुसिंह कठायत
नगर प्रमुख

परिच्छेद-२

उद्देश्य

३. कार्यविधिको उद्देश्य : (१) यो कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछ ।

(क) बसपार्कको सञ्चालन तथा व्यवस्थापनलाई व्यवस्थित बनाउने ।

(ख) बसपार्कलाई सही ढङ्गबाट सञ्चालन तथा व्यवस्थापन गरी नगरको सौन्दर्य वृद्धि गर्ने ।

(ग) नगरपालिकाको आय आर्जनमा योगदान पुऱ्याउने ।

परिच्छेद-३

बसपार्क व्यवस्थापन समिति

४. समितिको गठन : १) बसपार्क सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा कार्यपालिकाले गरेका नीति निर्णय कार्यान्वयन गर्न गराउन देहाय अनुसारको बसपार्क व्यवस्थापन समिति गठन गरिनेछ :

(क) नगर प्रमुख वा नगर उप प्रमुख – अध्यक्ष

(ख) प्रमुख प्रशासकीय अधिकृत – सदस्य

(ग) बसपार्क रहेको वडाको वडा अध्यक्ष – सदस्य

(घ) उद्योग वाणिज्य संघको जुम्लाको प्रमुख वा प्रतिनिधि –सदस्य

(ङ) नगरपालिकाभित्र क्रियाशिल यातायात व्यवसायी मध्येबाट नगर प्रमुखले तोकेको १ जना –सदस्य

(च) यातायात व्यवस्था सेवा कार्यालयको प्रमुख वा प्रतिनिधि - सदस्य

(छ) राजस्व उपशाखा/शाखा प्रमुख - सदस्य सचिव

२. समितिको बैठकमा जिल्ला समन्वय समिति, जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, ट्राफिक प्रहरी कार्यालयका प्रमुख वा अधिकृत कर्मचारीलाई आमन्त्रित सदस्यका रूपमा आवश्यकता अनुसार आमन्त्रण गरिनेछ।

३. समितिको बैठक तथा निर्णय सम्वन्धी कार्यविधि आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

४. अध्यक्षले तोकेको मिति समय र स्थानमा समितिको बैठक सञ्चालन हुनेछ ।समितिको बैठक आवश्यकतानुसार वस्ने छ ।

५. बैठक सम्बन्धी सूचना तथा बैठकको व्यवस्थापन सदस्य सचिवले गर्नु पर्नेछ ।

५. समितिको काम, कर्तव्य र अधिकार : १) बसपार्क सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) बसपार्क व्यवस्थापन सम्वन्धी आवश्यक नीति र गुरु योजना निर्माणमा नगरपालिकालाई आवश्यक सुझाव दिने।

(ख) बसपार्क व्यवस्थापनका लागि सम्वद्ध पक्षसँग कार्यमूलक समन्वय र सहकार्य गर्ने/गराउने।

(ग) बसपार्कको काउन्टर तथा बसको पार्किङ सम्वन्धी व्यवस्था मिलाउने ।

(घ) बसपार्कभित्र रहने टिकट काउन्टरहरू राख्ने स्थान तोक्ने ।

(ङ) बसपार्क व्यवस्थापन सम्वन्धी कार्यविधिको व्यवस्था पालना गर्ने/गराउने तथा नियम विपरीत कार्य गर्नेलाई कार्यवाही गर्ने।

राजुसिंह कठायत
नगर प्रमुख

(च) बसपार्कभित्रका सटर/कोठा/टहरा लगायतका अन्य संरचनाको भाडादर तथा टेन्डर प्रक्रियाको विषय नगरपालिका समक्ष सिफारिस गर्ने ।

(छ) बसपार्क क्षेत्र भित्रको भौतिक स्रोत तथा साधनको संरक्षण र संवर्द्धन गर्ने/ गराउने ।

(ज) बसपार्क व्यवस्थापन सम्बन्धी उत्पन्न समस्या/ विवादको समाधान गर्ने ।

(झ) नगरपालिकाबाट बसपार्क व्यवस्थापन सम्बन्धी तोकिएका अन्य कार्यहरू गर्ने ।

२.समितिले बसपार्क व्यवस्थापन सम्बन्धी कुनै विषयमा राय/परामर्श/प्रतिवेदन लीन आवश्यक देखेमा समितिका पदाधिकारी मध्ये कुनै सदस्यको संयोजकत्वमा सम्बद्ध विषयसँग सम्बन्धित व्यक्ति रहेको कार्य दल गठन गरी राय/परामर्श/ प्रतिवेदन लीन सक्नेछ।

६. **प्राविधिक उपसमिति** (१) बसपार्कको आय ठेक्का व्यवस्थापन गर्ने प्रयोजनका लागि प्रस्ताव ( दरभाउ पत्र/ बोलपत्र) आह्वान गर्ने, मूल्याङ्कन गर्ने तथा बसपार्क क्षेत्रको प्राविधिक विषयको कार्यसम्पादन लगायतका कार्य गरी नगरपालिकामा पेस गर्न देहाय बमोजिमको प्राविधिक उपसमिति हुनेछ ।

(क) प्रमुख प्रशासकीय अधिकृतले तोकेको अधिकृत - संयोजक

(ख) आर्थिक प्रशासन शाखा प्रमुख - सदस्य

(ग) पूर्वाधार विकास शाखा प्रमुख - सदस्य

(घ) भण्डारण(जिन्सी) शाखा प्रमुख - सदस्य

(ङ) राजस्व उपशाखा/शाखा प्रमुख - सदस्य सचिव

(२) प्राविधिक उपसमितिको सचिवालयको काम राजस्व शाखाले गर्नेछ ।

(३) उपसमितिको अन्य कार्य प्रचलित कानुनमा व्यवस्था भएको अतिरिक्त नगरपालिका तोके बमोजिम हुनेछ।

## परिच्छेद-४

## नगरपालिका तथा शाखा गत कार्य जिम्मेवारी

७. **योजना तथा अनुगमन उपशाखाको कार्य जिम्मेवारी** : (१) बसपार्क व्यवस्थापन तथा स्तरोन्नती सम्बन्धमा योजना शाखाको कार्य जिम्मेवारी देहाय अनुसार हुनेछ ।

(क) बसपार्क सञ्चालन तथा स्तरोन्नतीका लागि आवश्यक योजना, कार्यक्रम र बजेट नगरपालिकामा सिफारिस गर्ने।

(ख) बसपार्क क्षेत्रमा सञ्चालित योजना तथा कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्ने ।

८. **पूर्वाधार विकास शाखाको कार्य जिम्मेवारी** : (१) बसपार्क व्यवस्थापन तथा स्तरोन्नती सम्बन्धमा यस शाखाको कार्य जिम्मेवारी देहाय अनुसार हुनेछ ।

(क) बसपार्क क्षेत्रका भौतिक पूर्वाधार निर्माण सम्बन्धी योजना कार्यान्वयन गर्ने/गराउने।

(ख) बसपार्क क्षेत्रका योजना तथा क्रियाकलाप बीच प्रभावकारी समन्वय कायम गर्ने/गराउने।

(ग) बसपार्क क्षेत्रका सञ्चालित योजना तथा क्रियाकलापको अनुगमन, मूल्याङ्कन गर्ने ।

राजेन्द्र कठायत
नगर प्रमुख

Scanned with CamScanner

९. राजस्व उपशाखा/शाखाको कार्य जिम्मेवारी : (१) बसपार्क व्यवस्थापनको सम्बन्धमा राजस्व शाखाको कार्य जिम्मेवारी देहाय अनुसार हुनेछ।

(क) समितिको सचिवालयको कार्य गर्ने ।

(ख) बसपार्क सञ्चालनबाट उठ्ने राजस्व संकलन गर्ने र सो को अभिलेख सूचना प्रणालीमा राख्ने।

(ग) बसपार्क सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा समितिका निर्णयहरू सार्वजनिक गर्ने।

(घ) प्रकाशित सूचना बमोजिम प्राप्त प्रस्तावहरूको अभिलेख राखी प्राविधिक उपसमितिमा पेस गर्ने ।

(ङ) छनौट भएका प्रस्तावको अभिलेख व्यवस्थापन गर्ने ।

(च) सम्झौता सम्वन्धी सम्पूर्ण कागजातहरू तयार गरी प्रमुख प्रशासकीय अधिकृत समक्ष पेस गर्ने ।

(छ) तोकिए अनुसार राजस्व संकलन गर्ने /गराउने ।

(ज) बसपार्कबाट उठ्ने राजस्वको लगत राखी नगरपालिकामा प्रतिवेदन पेस गर्ने ।

(झ) नगरपालिका एवं समितिबाट तोकिए बमोजिमका अन्य कार्य गर्ने गराउने ।

१०. भण्डारण (जिन्सी) शाखाको कार्य जिम्मेवारी : (१) बसपार्कको सम्पत्ति व्यवस्थापन सम्वन्धमा भण्डारण (जिन्सी) शाखाको कार्य जिम्मेवारी देहाय अनुसार हुनेछ ।

(क) बसपार्क भित्रको सम्पूर्ण सम्पत्तिको अभिलेख राखी श्रावण मसान्त भित्र नगरपालिकामा वार्षिक प्रतिवेदन पेस गर्ने ।

(ख) बसपार्क भित्र रहेको नगरपालिकाको सम्पूर्ण चल अचल सम्पत्तिको संरक्षण, सम्वर्द्धन तथा रेखदेख गर्ने/गराउने।

११. वातावरण तथा विपद व्यवस्थापन उपशाखाको कार्य जिम्मेवारी : (१) बसपार्क क्षेत्रको सरसफाइ व्यवस्थापन सम्बन्धमा वातावरण तथा विपद व्यवस्थापन उपशाखाको कार्य जिम्मेवारी देहाय अनुसार हुनेछ ।

(क) बसपार्कमा संकलित हुने फोहोरको उचित व्यवस्थापन गर्ने

(ख) बसपार्कको फोहोर व्यवस्थापनमा लागत सहभागीता विधि अवलम्बन गर्ने ।

(ग) नगरपालिकाबाट तोकिए बमोजिमका अन्य कार्य गर्ने/गराउने।

१२. नगर प्रहरीको कार्य जिम्मेवारी : (१) बसपार्क व्यवस्थापन सम्बन्धमा नगर प्रहरीको कार्य जिम्मेवारी देहाय अनुसार हुनेछ।

(क) बसपार्कमा शान्ति सुरक्षा कायम गर्ने ।

(ख) बसपार्क क्षेत्रमा शान्ति सुरक्षा कायम गर्न नेपाल प्रहरीको आवश्यक्ता भएमा सहयोग लिन सकिने छ।

(ग) बसपार्क सञ्चालन तथा व्यवस्थापन सम्बन्धी भएका नीति तथा निर्णयको कार्यान्वयन गर्ने/गराउने।

(घ) बसपार्क क्षेत्रबाट हुने सेवा सुविधालाई व्यवस्थित गर्ने/गराउने ।

(ङ) बसपार्क सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा नगरपालिकाबाट तोकिए बमोजिमका अन्य कार्य गर्ने गराउने ।

राजुसिंह कठायत
नगर प्रमुख

राजुसिंह कठायत
नगर प्रमुख

१३. सम्बन्धित वडा समितिको कार्य जिम्मेवारी :(१) बसपार्क सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा सम्बन्धित वडा समितिको कार्य जिम्मेवारी देहाय अनुसार हुनेछ ।

(क) बसपार्क क्षेत्रको अनुगमन गरी समिति र नगरपालिकालाई आवश्यक सल्लाह/सुझाव प्रदान गर्ने ।

(ख) बसपार्क सञ्चालन र व्यवस्थापन सम्बन्धमा देखिएका समस्या समाधानमा आवश्यक पहल गर्ने ।

(ग) बसपार्कको व्यवस्थापनका लागि आवश्यक सहयोग, समन्वय र सहकार्य गर्ने/गराउने।

१४. नगरपालिकाको कार्य जिम्मेवारी :.(१) बसपार्क सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा नगरपालिकाको कार्य जिम्मेवारी देहाय अनुसार हुनेछ ।

(क) बसपार्कसँग सम्बन्धित शाखाहरूबाट प्राप्त प्रगति विवरण तथा प्रतिवेदन समितिमा पेस गर्ने/गराउने।

(ख) बसपार्क सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा नगरपालिकाका शाखाहरू, समिति तथा अन्य संघीय र प्रदेश कार्यालय र निकाय तथा गैर सरकारी संघ संस्थाहरूसँग समन्वय, सहकार्य तथा अनुगमन, मूल्याङ्कन गर्ने गराउने।

(ग) समितिको काम कारबाहीहरूलाई व्यवस्थित र प्रभावकारी बनाउन पहल गर्ने ।।

(घ) समितिलाई आवश्यक पर्ने विशेषज्ञ तथा परामर्श सेवा उपलब्ध गराउने ।

(ङ) समितिबाट भएका निर्णय तथा प्राप्त मार्गदर्शन, सुझाव, सल्लाह कार्यान्वयन गर्ने गराउने ।

(च) आवश्यकता अनुसार सम्बन्धित शाखालाई निर्देशन दिने ।

(छ) शाखा गत कर्यविवरण तथा कार्य जिम्मेवारी कार्यान्वयन गर्ने/ गराउने ।

(ज) बसपार्क सञ्चालन तथा व्यवस्थापनका लागि नेतृत्व प्रदान गर्ने ।

(झ) पहिलो पटक बसपार्कको संरचना जस्तै प्रहरी बिट, सडक, पेटी, बत्ती, रंगरोगन, पानी र सरसफाईको व्यवस्थापन गर्ने।

(ञ) भवनको प्रमुख संरचना दुर्घटना वा भवितव्य परी बिग्रिएमा सोको मर्मत गर्ने।

(ट) बसपार्कमा संकलित हुने फोहोरको उचित व्यवस्थापन गर्ने ।

(ठ) समिति तथा नगरपालिकाबाट तोकिए बमोजिमका अन्य कार्यहरू गर्ने गराउने।

## परिच्छेद-५

## बसपार्क सञ्चालन तथा व्यवस्थापन विधि

१५. बसपार्क सञ्चालन तथा व्यवस्थापन : (१) समितिको सिफारिसमा कार्यपालिकाको निर्णय अनुसार बसपार्क सञ्चालन तथा व्यवस्थापन गर्न देहायको कुनै एक वा दुवै विधि अवलम्बन गर्न सकिनेछ ।

(क) सार्वजनिक सूचना आहान गरी प्राप्त प्रस्ताव (दरभाउ पत्र वा बोलपत्र) को मूल्याङ्कनबाट छनौट भएको बसपार्क व्यवस्थापन पक्ष (ठेकेदार) मार्फत बसपार्क सञ्चालन तथा व्यवस्थापन गर्नु पर्नेछ ।

(ख) बसपार्क व्यवस्थापन पक्ष (ठेकेदार)सँगको सम्झौता समाप्त वा रद्द भएको र नयाँ सम्झौता भई नसकेको वा दरभाउ पत्र वा बोलपत्र आहान गर्दा कुनै पनि दरभाउ पत्र वा बोलपत्र दर्ता हुन नआएको वा अन्य कुनै कारणबाट बसपार्क

राजुसिंह कठायत
नगर प्रमुख

व्यवस्थापन तथा सञ्चालनको ठेक्का बन्दोबस्त हुन नसकेको अवस्थामा बसपार्कलाई नगरपालिका आफैले अमानतमा सञ्चालन तथा व्यवस्थापन गर्नु पर्नेछ।

राजुसिंह कठायत
नगर प्रमुख

## परिच्छेद-६

## बसपार्क व्यवस्थापन पक्ष (ठेकेदार) को योग्यता

१६. बसपार्क व्यवस्थापन पक्षको योग्यता : (१) बसपार्क सञ्चालन तथा व्यवस्थापन गर्ने प्रयोजनका लागि प्रतिस्पर्धामा सहभागी हुन बसपार्क व्यवस्थापन पक्ष (ठेकेदार )को योग्यता देहाय बमोजिम हुनु पर्नेछ।

(क) यातायात व्यवसायी कम्पनी/सँघ/समितिको रूपमा प्रचलित कानुन बमोजिम व्यवसाय गर्ने इजाजत प्राप्त भएको हुनु पर्नेछ।

(ख) यातायात व्यवसायी कम्पनी/सँघ/समितिसँग कम्तीमा ५० वटा चारपाङ्ग्रे सवारी साधन यातायात व्यवस्था सेवा कार्यालयमा पञ्जिकृत भएको हुनु पर्नेछ

(ग) दफा २२ को उपदफा (१) को खण्ड (क) बमोजिमको योग्यता भएको ।

(घ) प्रचलित कानुन बमोजिम नवीकरण भएको हुनु पर्नेछ।

(ङ) प्रस्ताव पेस गर्ने समयमा अघिल्लो आर्थिक वर्षसम्मको कर चुक्ता गरिसकेको प्रमाण पत्र पेस गर्नु पर्नेछ ।

(च) नगरपालिकामा व्यवसाय दर्ता गरी नियमित कारोबार गरेको हुनु पर्नेछ।

(छ) स्थायी लेखा नम्बर (PAN) को प्रमाणपत्र पेस गर्नु पर्नेछ ।

(ज) कालो सूचीमा नपरेको एवम् भ्रष्टाचार जन्य कसुरमा सजाए नपाएको स्व घोषणा गरेको हुनु पर्नेछ ।

नोटः स्थानीय यातायात व्यवसायी कम्पनी/सँघ/समितिलाई विशेष प्राथमिकता दिईनेछ ।

१७. बसपार्क व्यवस्थापन पक्ष (ठेकेदार) को काम, कर्तव्य र अधिकार : (१) बसपार्क व्यवस्थापन पक्ष (ठेकेदार) को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) नगरपालिका सँगको सम्झौता अनुसार तोकिएको सम्पूर्ण कार्यहरू गर्नुपर्ने ।

(ख) नगरपालिकालाई बुझाउनुपर्ने दायित्व तोकिएको समयमा अनिवार्य रूपमा बुझाउनु पर्नेछ । सम्झौता बमोजिमको राजस्व रकम नगरपालिकालाई यथासमयमा बुझाई सो को निस्सा लिनु पर्नेछ ।

(ग) बसपार्क भित्रका आफ्नो जिम्मामा रहेका बत्ती, पानी, शौचालय, टेलिफोन लगायतका भौतिक संरचनाहरूको संरक्षण, सम्बर्द्धन गर्नु पर्नेछ ।

(घ) बसपार्क भित्रको क्षेत्रको गुरुयोजना संशोधन हुने बाहेकको कुनै संरचना थप्नु वा हटाउनु परेमा लिखित निवेदन दिई समितिको सिफारिस अनुसार नगरपालिकाको स्वीकृती लिएर मात्र फेर बदल गर्नु पर्नेछ ।

(ङ) बसपार्क क्षेत्रलाई स्वच्छ सफा, हरियाली, सौन्दर्य युक्त, कोलाहल मुक्त बनाउन आवश्यक भूमिका निर्वाह गर्नु पर्नेछ ।

(च) नगरपालिकासँग भएको सम्झौता अनुसारको बसपार्क क्षेत्रमा आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन गर्नु पर्नेछ।

राजुसिंह कठायत
नगर प्रमुख

Scanned with CamScanner

राजुसिंह कठायत
नगर प्रमुख

(छ) यात्रु, सेवा ग्राही वा ग्राहकसँग नगरपालिकाबाट स्वीकृत रकमभन्दा बढी अतिरिक्त थप रकम वा शुल्क असुल गर्न वा लीन पाइने छैन ।

(ज) नगरपालिकाले मागेको सूचना वा विवरण तोकिएको समयमा अनिवार्य रूपमा उपलब्ध गराउनु पर्नेछ।

(झ) तोकिएका बाहेक अन्य व्यवसाय सञ्चालन गर्न वा गराउन, एवं टिकट काउन्टरलाई तोकिएको क्षेत्र भन्दा अन्यत्र प्रयोग गर्न वा गराउन नदिने ।

(ञ) बसपार्क सुरक्षाको लागि आवश्यक प्रबन्ध गर्नु पर्नेछ ।

(ट) ठेक्का सम्झौता भए पछि बसपार्कको संरचना जस्तै प्रहरी बिट, सडक, पेटी, बत्ती, रङ्ग रोगन, पानी र सरसफाइको व्यवस्थापन गर्ने।

(ठ) नगरपालिकाले समय समयमा दिएका लिखित तथा मौखिक निर्णय एवं निर्देशनहरू पूर्ण रूपमा पालना गर्नुपर्ने छ।

(ड) नगरपालिकाको नीति, निर्णय र निर्देशन कार्यान्वयन गर्ने ।

(ढ) बसपार्क व्यवस्थापनमा सरोकारवालाहरू सँग समन्वय र सहकार्य गर्ने ।

(ण) ठेक्का सम्झौता भए समाप्त भएमा वा रद्द भएमा बसपार्कको संरचना जस्तै भवन दुरुस्त हालतमा र बत्ती, पानीको दायित्व रहित अवस्थामा नगरपालिकालाई बुझाउनु पर्ने ।

(त) बसपार्कको सरसफाइ तथा फोहोर व्यवस्थापन गर्ने ।

(थ) नगरपालिकाले तोके बमोजिमको अन्य कार्यहरू गर्ने।

**१८. बसपार्क व्यवस्थापन पक्ष (ठेकेदार) को छनौट र सम्झौता :** (१) बसपार्क व्यवस्थापन पक्ष (ठेकेदार) छनौट गर्दा देहायको प्रक्रिया पुरा गर्नु पर्नेछ ।

(क) बसपार्क व्यवस्थापन पक्ष (ठेकेदार) को छनौट गर्दा सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ बमोजिम गर्नु पर्नेछ।

(ग) बोलपत्र स्वीकृत गर्दा सारभूत रूपमा प्रभावग्राही बोलपत्र छनौट गर्नु पर्नेछ ।

(घ) यो कार्यविधि तथा प्रचलित कानुन बमोजिमका विषय तथा सर्तहरू खुलाई आम सञ्चारका माध्यमबाट बसपार्क व्यवस्थापन पक्ष छनौटका लागि समितिको सिफारिसमा नगर कार्यपालिकाको निर्णय अनुसार अधिकतम पाँच वर्ष समयका लागि सम्झौता गर्न सकिनेछ।

(ङ) तोकिएको मिति भित्र कार्यालय समयमा प्रस्ताव (दरभाउ पत्र र बोलपत्र फाराम) कार्यालयमा दर्ता गराउनु पर्नेछ र प्रस्ताव (दरभाउ पत्र वा बोलपत्र ) दर्ता गर्न पाउने अन्तिम मिति समाप्त भएपछि दर्ता हुन आएका कागजातहरूको राजस्व शाखाले अभिलेख राखि यथाशीघ्र मूल्याङ्कनका लागि प्राविधिक समितिमा पेस गर्नु पर्नेछ।

(च) आफू समक्ष पेस भएका प्रस्ताव ( दरभाउ पत्र वा बोलपत्रहरू) प्राविधिक उपसमितिले बढीमा १५ दिनभित्र मूल्याङ्कन गरी समिति समक्ष पेस गर्नु पर्नेछ ।

राजुसिंह कठायत
नगर प्रमुख

(छ) समितिले प्राविधिक उप समितिबाट प्राप्त मूल्याङ्कन प्रतिवेदन उपर अध्ययन तथा छलफल गरी बढीमा ७ दिनभित्र प्रस्ताव दाता ( दरभाउ पत्र दाता वा बोलपत्र दाता) छनौटका लागि नगरपालिकामा सिफारिस गर्नु पर्नेछ ।

(ज) सिफारिस भएका बसपार्क व्यवस्थापन पक्षलाई नगरपालिकाले निर्णय गरी छनौट गर्नु पर्नेछ ।

(झ) यस दफा बमोजिम छनौट भएको बसपार्क व्यवस्थापन पक्षलाई ७ दिनभित्र सम्झौता गर्न आउन पत्र वा सार्वजनिक सूचना मार्फत सम्बन्धित पक्षलाई जानकारी दिनु पर्नेछ।

(ञ) निर्धारित अवधिभित्र सम्झौताको लागि छनौट भएको पक्ष उपस्थित नभएमा सो को धरौटी वा बैंक ग्यारेन्टी जफत गरी सात दिनभित्र वैकल्पिक पक्षलाई सम्झौताको लागि आउन सूचना दिनु पर्नेछ । वैकल्पिक पक्ष समेत सम्झौताको लागि नआएमा दोस्रो वैकल्पिक पक्षलाई ७ दिनको समय दिई सम्झौताका लागि पत्राचार गर्नु पर्नेछ । तर सम्झौता गरिने पक्षको कबुल अंक तोकिएको लागत अनुमानको अङ्क भन्दा कम भएमा सम्झौता नगरी पुनः टेन्डर गर्नु पर्नेछ ।

(ट) यस कार्यविधि बमोजिम सम्झौता गर्ने बसपार्क व्यवस्थापन पक्ष (ठेकेदार) लाई कबुलियतनामा वा प्रतिवद्धता समेत गराउनु पर्नेछ ।

(ठ) यस दफा बमोजिम कुनै व्यवस्थापकसँग सम्झौता हुन न सकेमा पुनः प्रक्रिया पुरा गरी बसपार्क व्यवस्थापन पक्ष (ठेकेदार) छनौट गर्नु पर्नेछ ।

(ड) तेस्रो पटक सम्म पनि प्रकाशित सूचना अनुसार पनि कुनै बसपार्क व्यवस्थापन पक्ष (ठेकेदार) सँग सम्झौता हुन न सकेमा नगरपालिकाको निर्णय अनुसार नन्यूनतम अनुमानित रकममा पुनः मूल्याङ्कन गरी घटाएर नयाँ नन्यूनतम रकम कायम गरी टेन्डर प्रक्रिया अघि बढाउनु पर्नेछ।

१९. **सम्झौताको म्याद थप :** (१) विशेष अवस्था सिर्जना भई सम्झौताको म्याद थप गर्नुपर्ने भएमा नगरपालिकाले बढीमा एक वर्षको लागि म्याद थप गर्न सक्नेछ ।

(३) सम्झौताको अवधि थप गर्नुपर्ने भएमा बैंक जमानत रकम र अवधि समेत बसपार्क व्यवस्थापन पक्ष (ठेकेदार) ले थप गर्नु पर्नेछ ।

२०. **सम्झौताको अन्त्य :** (१) समिति वा नगरपालिकाले गरेको अनुगमन तथा मूल्याङ्कनमा देहायको अवस्था देखिएमा कार्यालय र बसपार्क व्यवस्थापन पक्ष (ठेकेदार) बीचको सम्झौता अन्त्य गर्नु पर्नेछ।

(क) बसपार्क व्यवस्थापन पक्षले प्रचलित कानुन एवं नगरपालिकासँग भएको सम्झौता विपरीत कार्य गरेमा ।

(ख) बसपार्क व्यवस्थापन पक्ष (ठेकेदार) ले नियमानुसार बुझाउनु पर्ने राजस्व रकम धरौटी वा बैंक जमानत रकमले खेप्ने अवधि सम्म पनि न बुझाएमा ।

(ग) द्विपक्षीय समझदारी भएमा नगरपालिकालाई आर्थिक रूपमा क्षति नहुने गरी नगरपालिकाको निर्णय अनुसार ।

(२) उपदफा (१) बमोजिमको अवस्था देखिएमा नगरपालिकाले बसपार्क व्यवस्थापन पक्ष (ठेकेदार) लाई कम्तीमा दुई पटकसम्म लिखित चेतावनी वा स्पष्टीकरण लिनु पर्नेछ ।यस्तो लिखित चेतावनी वा स्पष्टीकरण पत्र भौतिक रूपमा वा ईमेल, ह्वाट्स एप, भाईवर, खुला वेबसाइट लगायतका विद्युतीय माध्यमबाट सम्बन्धित पक्षलाई जानकारी गराउनु पर्नेछ ।

राजुसिंह कठायत

Scanned with CamScanner

(३) उपदफा (२) बमोजिमको विषयमा बसपार्क व्यवस्थापन पक्ष (ठेकेदार) को स्पष्टीकरण चित्त न बुझेमा नगरपालिकाले सम्झौता भङ्ग गर्न सक्नेछ ।

(४) उपदफा (३) अनुसार सम्झौता भङ्ग भएको पत्र नगरपालिकाले आफ्नो सूचना पाटी वा वेबसाइटबाट सार्वजनिक गरी बसपार्क व्यवस्थापन पक्ष (ठेकेदार) लाई प्रक्षलाई जानकारी गराउनु पर्नेछ ।

(५) सम्झौताका सर्तहरू पालना नगरेका कारण सम्झौता भङ्ग भएको अवस्थामा सम्बन्धित पक्षले कुनै उजुरी गर्न सक्नेछैन ।

(८) सम्झौता भङ्ग भएमा बसपार्क व्यवस्थापन पक्ष (ठेकेदार) ले जम्मा गरेको धरौटीबाट बाँकी राजस्व रकम असुल उपर गरिनेछ । यस्तो धरौटी रकम नपुग हुने अवस्था भएमा बसपार्क व्यवस्थापन पक्ष (ठेकेदार) ले प्रयोग गरेको क्षेत्रमा रहेको जिन्सी लगायतको सामग्री प्रहरी तथा जनप्रतिनिधिको रोहबरमा सिलबन्दी गरी रकम भुक्तानीका लागि समय सीमा तोक्नु पर्नेछ । तोकिएको समय सीमाभित्र रकम दाखिला भएमा सिलबन्दी गरिएको सामाग्री खोली दिनु पर्नेछ । तोकिएको समय सीमाभित्र समेत रकम दाखिला नभएमा सोही सामग्रीहरू लिलाम बिक्री गरी असुल उपर गर्नु पर्नेछ ।

२१. नगरपालिकाबाट सञ्चालन : (१) बसपार्क व्यवस्थापन पक्ष (ठेकेदार) सँगको सम्झौता समाप्त वा रद्द भएको र नयाँ सम्झौता भै नसकेको वा प्रस्ताव वा बोलपत्र आह्वान गर्दा कुनै पनि प्रस्ताव ( दरभाउ पत्र वा बोलपत्र) दर्ता हुन नआएको वा अन्य कुनै कारणबाट बसपार्क व्यवस्थापन तथा सञ्चालनको ठेक्का बन्दोबस्त हुन नसकेको अवस्थामा नगरपालिकाले बसपार्क क्षेत्र अमानतमा सञ्चालन तथा व्यवस्थापन गर्न सक्नेछ ।अमानतमा सञ्चालन तथा व्यवस्थापन गर्दा देहायको प्रक्रिया अवलम्बन गर्नु पर्नेछ।

(क) बसपार्क अमानतमा सञ्चालन तथा व्यवस्थापन गर्दा कार्यालयको निर्देशन र नियन्त्रणमा राजस्व शाखाले नेतृत्व गर्नेछ । व्यवस्थापन गर्दा दफा १८ बमोजिमको प्रक्रिया पुरा गर्न नसकिने भएको अवस्थामा कार्यालयले अनुसूची १ बमोजिम तोकिएको सेवा शुल्क वा भाडा दरमा नघट्ने गरी आवश्यक कर्मचारी परिचालन गरी व्यवस्थापनको कार्य गर्न सक्नेछ ।

(ख) राजस्व संकलनको जिम्मेवारी पाएको कर्मचारीले संकलन गरेको राजस्व रकम प्रत्येक दिन वा सो को भोलिपल्ट कार्यालय खुल्ने बित्तिकै नगरपालिकाको राजस्व खातामा जम्मा गर्नु पर्नेछ ।

(ग) संकलित राजस्व रकम राजस्व खातामा जम्मा नगरेमा वार्षिक १० प्रतिशतका दरले हुन आउने जरिवाना रकम समेत थप गरी जिम्मेवार कर्मचारीबाट राजस्व रकम जम्मा गर्नु पर्नेछ अन्यथा सरकारी बाँकी सरह असुल उपर गर्नु पर्नेछ ।

## परिच्छेद-७

## टिकट काउन्टर व्यवस्थापन

२२. टिकट काउन्टर वितरण विधि : (१) ठेक्का वा अमानतबाट बसपार्क सञ्चालन तथा व्यवस्थापन गर्दा टिकट काउन्टर सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ ।

(क) प्रथम पटकको लागि जुम्ला जिल्लामा प्रधान कार्यालय हुने यातायात व्यवसायी कम्पनी/संघ/समितिलाई आफ्नो संस्थाको सम्पूर्ण कागजातको प्रतिलिपि सहित गाडी सङ्ख्या र रुट पर मिटको प्रमाण र नगरपालिकामा व्यवसाय दर्ता गरेका प्रमाण

राजुसिंह कठायत
नगर प्रमुख

समेत संलग्न राखि नगरपालिकामा सुची दर्ता गर्न नगरपालिकाले सात दिने सूचना प्रकाशन गर्नु पर्नेछ । ईच्छुक यातायात व्यवसायी कम्पनी/संघ/समितिले तोकिएको समयावधिभित्र सूचीकृत हुनुपर्नेछ ।

(ख) तोकिएको अवधिमा व्यवसाय सूचीकृत भएका कम्पनीहरूलाई बसपार्क टर्मिनलको कम्तीमा १ वटा टिकट काउन्टर गोला प्रथाद्वारा वितरण गर्ने व्यवस्था बसपार्क व्यवस्थापन पक्ष (ठेकेदार) ले गर्नुपर्ने छ ।

(ग) यसरी टिकट काउन्टर वितरण पश्चात् गाडी सङ्ख्या ५० भन्दा माथि र रुट सङ्ख्या प्रदेश बाहिर समेत गरी १० भन्दा बढि हुने कम्पनीलाई आफैले संरचना निर्माण गर्ने गरी बसपार्क व्यवस्थापन पक्ष (ठेकेदार) ले थप काउन्टर समेत दिन सक्ने छ।

(घ) बसपार्क सञ्चालन भए पश्चात् काउन्टर माग गर्ने यातायात कम्पनी/ संघ /समितिलाई बसपार्क व्यवस्थापन पक्ष (ठेकेदार) बसपार्कमा टिकट काउन्टर दिन बाध्य हुने छैन तर बस पार्किङ तथा यात्रु ओराल्ने र चढाउने कार्य भने नियमानुसार शुल्क बुझाइ गर्न /गराउन भने बाधा पर्ने छैन ।

## परिच्छेद -८

## सेवा शुल्क तथा वहाल सम्बन्धी व्यवस्था

२३. सेवा शुल्क तथा वहाल सम्बन्धी व्यवस्था : (१) बसपार्कभित्र लिइने सेवा शुल्क तथा बहाल रकम देहाय बमोजिम हुनेछ

(क) सटर /कोठा/टहराको : बसपार्कको गुरुयोजना अनुसारका तोकिएका सटर/कोठा/टहरा (टिकट काउन्टर बाहेक) बाट तोकिए बमोजिमको बहाल रकम लिने गरि सम्पूर्ण सटर/कोठा/टहरा लाई बसपार्क व्यवस्थापन पक्ष (ठेकेदार) ले नगरपालिकालाई बुझाउनु पर्नेछ । यसरी बसपार्क व्यवस्थापन पक्ष (ठेकेदार) ले अनुसूचीमा तोकिए बमोजिमको बहाल रकम उठाउन सक्नेछ।

(ख) बसपार्क व्यवस्थापन पक्ष (ठेकेदार) ले बसपार्क प्रवेश शुल्क, बस पार्किङ शुल्क, विज्ञापन शुल्क आदी अनुसूचीमा उल्लेख दरमा उठाउन सक्नेछ ।.

## परिच्छेद-९

## बसपार्क प्रयोगकर्ताले पालना गर्नुपर्ने नियमहरू

२४. पालना गर्नुपर्ने नियमहरू : (१) बसपार्क प्रयोगकर्ताले देहायका नियमहरू पालना गर्नु पर्नेछ ।

(क) बस व्यवसायी, चालक तथा कर्मचारीहरूले पालना गर्नु पर्ने नियमहरू :

१) लामो दूरीका ठूला बस छुट्नु भन्दा बढीमा एक घण्टा पहिले बसपार्कको तोकिएको स्थानमा प्रवेश गराउने तथा बाहिरबाट आएका बसले एक घण्टा भित्र यात्रु ओराल्ने तथा सामानको व्यवस्थापन गर्नु पर्नेछ ।

२) लामो दूरीका साना बस र छोटो दूरीका बसहरू छुट्नु भन्दा बढीमा तीस मिनेट पहिले बसपार्क प्रवेश गराउने तथा बाहिरबाट आएका बसले तीस मिनेट भित्र यात्रु ओराल्ने तथा सामानको व्यवस्थापन गर्नु पर्नेछ ।

नगर प्रमुख

३) बस व्यवसायी, चालक तथा कर्मचारीहरूले बोल्दा सभ्य, शिष्ट र नम्र भाषाको प्रयोग गर्नु पर्नेछ ।

४) तोकिएको समय र स्थानमा मात्र तोकिएका कामहरू गर्नु पर्नेछ ।

५) सार्वजनिक स्थानमा अरूलाई असर पर्ने गरी धूम्रपान, मद्यपान गरी अभद्र बोल्न र व्यवहार गर्न पाइने छैन ।

६) तोकिएको बाहेक अन्य स्थानमा यातायातका साधन पार्किङ गर्न, रोक्न वा हर्न बजाउन पाइने छैन ।

७) कर्मचारीहरूले जथाभावी रूपमा यात्रुलाई अमर्यादित व्यवहार गर्ने, यात्रुलाई तान्ने, धकेल्ने वा अन्य किसिमले दुर्व्यवहार गर्न पाइने छैन ।

८) यातायात व्यवसायी वा चालक वा कर्मचारीले बसपार्कभित्र तोकिएको स्थान बाहेक अन्यत्र गाडी मर्मत गर्न/गराउन पाइने छैन।

९) बसपार्क क्षेत्रभित्र आचारसंहिता पालना गर्ने/गराउने दायित्व समेत बहन गर्नु पर्नेछ ।

१०) तोकिएको भन्दा बढी समयसम्म यातायातका साधन बसपार्कमा पार्किङ गर्न पाइने छैन ।

११) चालक, सहचालक र कन्डक्टर तथा टिकट काउन्टर क्लर्कले नगरपालिकाबाट तोकिएको पोसाक अनिवार्य प्रयोग गर्नु पर्नेछ।

(ख) यात्रुहरूले पालना गर्नु पर्ने नियमहरू :

१) यात्रुले तोकिएको स्थानमा गई टिकट लिनु पर्नेछ ।

२) टिकटमा उल्लिखित सिटमा मात्र बस्नु पर्नेछ ।

३) बस व्यवसायी, चालक र कर्मचारीसँग मर्यादित बोली, व्यवहार गर्नु पर्नेछ ।

४) धूम्रपान, मद्यपान एवम् अरूलाई समेत असर पर्ने व्यवहार गर्न पाइने छैन ।

५) आफ्नो कारणले सृजित फोहर मैलालाई तोकिएको स्थानमा स्वयंले विसर्जन गर्नु पर्नेछ ।

(ग) सटर/कोठा/टहरा कबुलमा व्यवसाय गर्ने व्यवसायीहरू ले पालना गर्नु पर्ने नियमहरू :

१) बसपार्क क्षेत्रमा प्रचलित कानुनले तोकेको मापदण्डभित्र रही व्यापार, व्यवसाय वा अन्य सेवा सञ्चालन गर्नु पर्नेछ।

२) प्रचलित कानुनले निषेध गरेका वस्तुको बिक्री वितरण तथा मदिराजन्य व्यवसाय गर्न पाइने छैन । मदिराजन्य पदार्थको बिक्री वितरण गर्नु परेमा प्रचलित कानुनको मापदण्डको पूर्ण रूपमा पालना गरी सञ्चालन गर्न पाइनेछ ।

३) बिक्री, वितरण गरिने वस्तु तथा सेवामा तोकिए बमोजिमको गुणस्तर कायम गर्नु पर्नेछ ।

४) नगरपालिकामा दर्ता वा स्वीकृती लिएर मात्र व्यवसाय वा कारोबार सञ्चालन गर्नु पर्नेछ ।

५) प्रचलित कानुन बमोजिम दर्ता वा स्वीकृतीको प्रमाण साथमा राखी सेवा वा वस्तुको कारोबार गर्नु पर्नेछ।

६) बसपार्क क्षेत्रभित्र तोकिएको स्थानमा बाहेक अन्यत्र वस्तु वा सेवाको व्यापार वा व्यवसाय सञ्चालन वा बिक्री वितरण गर्न पाइने छैन।

७) आफ्नो अगाडी वा क्षेत्र भित्रको सफाइ गर्ने जिम्मेवारी सम्बन्धित पक्षको हुनेछ ।

८) पसल अगाडी फोहरको प्रकृति अनुसारको व्यवस्थापन गर्न भाँडो (डस्टबिन) राखि प्रयोग गर्नु पर्नेछ ।

राजुसिंह कठायत
नगर प्रमुख

राजुसिंह कठायत

९) जथाभावी फोहोर फाल्ने व्यक्तिलाई नगरपालिका वा तोकिएको निरीक्षकले पहिलो पटकको लागि रु. ५००।- जरिवाना गर्न सक्नेछ र दोहोरिएमा दोब्बर जरिवाना हुनेछ ।

राजुसिंह कठायत
नगर प्रमुख

१०) नगरपालिकाको लिखित अनुमति वा स्वीकृति नलिई साबिकको संरचनामा सटर/ कोठा/ टहरा लगायतको संरचना थप्न वा गाँस्न वा हटाउन पाइने छैन ।

११) अत्यावश्यक वस्तु वा सेवाको आपूर्ति व्यवस्थामा असहजता सिर्जना हुने गरी कृत्रिम अभाव सृजना गर्न पाइने छैन ।

१२) बिक्री वितरण गरिने वस्तु वा सेवाको मूल्य सूची टाँस गर्नु पर्नेछ ।

१३) स्थानीय बजार व्यवस्था, अनुगमन तथा उपभोक्ता हित संरक्षण सम्बन्धी ऐनको पूर्ण पालना गर्नु पर्नेछ ।

**२५. नियम उलङ्घन गर्ने उपर कारवाही :** (१) बसपार्कभित्र तोकिएका नियम पालना गरेको नपाईएमा नगरपालिकाबाट तोकिएको निरीक्षक वा ट्राफिक प्रहरीले देहाय बमोजिम कारबाही गर्नेछ ।

(क) तोकिएको स्थानमा पार्किङ नगरेमा, तोकिएको समयभन्दा बढी समय बस पार्किङ गरेमा, बसपार्कभित्र पालना गर्नुपर्ने ट्राफिक नियम पालना नगरेमा प्रथम पटकका लागि रु. ५००।- (पाँच सय) जरिवाना र सोही कसुर दोहोर्याएमा पटकै पिच्छे दोब्बर जरिवाना हुनेछ ।

(ख) मापदण्ड विपरीत हर्न बजाउने, यात्रु तानातान गर्ने एवं यात्रु मैत्री व्यवहार नगरेमा रु. ५००।- (पाँच सय) जरिवाना हुनेछ।

(ग) बसपार्कमा व्यवसाय गर्ने व्यवसायीहरू ले पालना गर्नुपर्ने नियम पालना नगरेको पाईएमा नगरपालिकाबाट तोकिएको निरीक्षकले उक्त व्यवसायीलाई प्रथम पटक रु. १०००।- (एक हजार) जरिवाना र दोस्रो पटक सोही गल्ती दोहोऱ्याएमा सो को दोब्बर जरिवाना र तेस्रो पटक पनि सो गल्ती दोहोऱ्याएमा सटर/कोठा/टहराबाट निजलाई निष्कासन गर्न सकिनेछ ।

(घ) बसपार्क व्यवस्थापन पक्ष (ठेकेदार) ले सम्झौताको सर्त तथा बन्देज विपरीत कार्य गरे/ गराएमा प्रथम पटक रु. १००००।- (दश हजार) दोस्रो पटक सोको दोब्बर र तेस्रो पटक पनि यस प्रकारको गल्ती गरेमा नगरपालिकाले सम्झौता रद्दको प्रक्रिया अगाडी बढाउनेछ।

(ङ) बसपार्क व्यवस्थापन पक्ष (ठेकेदार) ले जिम्मा लिएको कुनै सार्वजनिक सेवा (शौचालय, सरसफाइ, सडक बत्ती) गुण स्तरीय नभएको गुनासो नगरपालिकामा आएमा समितिले स्थलगत अनुगमन गरि कसुर अनुसारको जरिबाना वा सुधारका लागि निर्देशन दिन सक्नेछ। निर्देशन लागू नभएमा समितिले प्रथम पटक रु.५०००।- (पाँच हजार) जरिबाना र तत्पश्चात् पटकै पिच्छे दोब्बर जरिबाना गर्नेछ। यस प्रकारको जरिबाना नगद जम्मा नगरेमा बसपार्क व्यवस्थापन पक्ष (ठेकेदार) को धरौटीबाट कट्टा गरिनेछ।

राजुसिंह कठायत
नगर प्रमुख

## परिच्छेद-१०

### विविध

२६. **टिकट काउन्टरको व्यवस्थापन :** टिकट काउन्टरको व्यवस्थापन बसपार्क व्यवस्थापन पक्ष (ठेकेदार) ले दफा २२ मा उल्लेख भए बमोजिम गर्नु पर्नेछ ।

२७. **बसपार्क मर्मत संभार कोष :** (१) बसपार्क क्षेत्रबाट संकलन हुने राजस्व रकमको ५ प्रतिशत रकम छुट्याई बसपार्क मर्मत संभार कोष खडा गर्नु पर्नेछ ।सो रकम आर्थिक प्रशासन शाखाबाट रकमको आम्दानी बाँध्ने वा खर्च खातामा ट्रान्सफर गर्ने बखत नै सो कोषमा जम्मा गरी हिसाब दुरुस्त राख्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कोषको रकम नगरपालिकाको निर्णय अनुसार बसपार्क क्षेत्रको मर्मत सुधार, थप संरचना निर्माण जस्तै सडक, पेटी, गेट, बत्ती, आदिमा खर्च गर्न सकिनेछ ।

(३) बसपार्क व्यवस्थापनमा थप कर्मचारी व्यवस्थापन वा अन्य कुनै पनि खर्च गर्नु परेमा नगरपालिकाको निर्णयानुसार यसै कोषबाट खर्च गर्न सकिने छ।

२८. **बसपार्कको गुरुयोजना कार्यान्वयन :** नगरपालिकाबाट स्वीकृत गरी बसपार्क क्षेत्रको गुरु योजना अनुसार मात्र संरचना बनाउने तथा अन्य कार्य गर्नु /गराउनु पर्नेछ ।

२९. **बसपार्क भित्र अन्य सुविधा :** बसपार्क क्षेत्रभित्र विश्राम स्थल, स्तनपान कक्ष, धूम्रपान कक्ष, नागरिक सहायता तथा सुरक्षा कक्ष लगायत सेवा तथा सुविधाहरू आवश्यकता अनुसार निर्मित संरचना मध्येबाट वा थप व्यवस्था गरेर नगरपालिकाले व्यवस्था गर्नु पर्नेछ।

३०. **बोलपत्र फाराम दस्तुर :** यस कार्यविधि बमोजिमको सार्वजनिक सूचना अनुसार प्रस्ताव पेस गर्ने पक्षले कार्यालयबाट खरिद गर्ने बोलपत्र फाराम दस्तुर नगरपालिकाको आर्थिक ऐनमा तोकिएको भए सोही बमोजिम अन्यथा भए सार्वजनिक खरिद ऐन तथा नियमावलीमा खरिदतर्फको दरभाउ पत्र वा बोलपत्रको लागि तोकिएको रकम अनुसार हुनेछ ।

३१. **बसपार्क व्यवस्थापनका थप अनिवार्य सर्तहरू :** यस कार्यविधिमा उल्लेख भएकोमा सोही बमोजिम र उल्लेख नभएको हकमा देहाय बमोजिमका सर्तहरू नगरपालिका, बसपार्क व्यवस्थापन पक्ष (ठेकेदार), तथा सम्पूर्ण सरोकारवालाले अनिवार्य पालना गर्नु पर्नेछ।

(क) बसपार्कमा सम्पूर्ण क्षेत्रहरूको समन्वय गर्ने, इन्टरनेट, CCTV, सुरक्षा व्यवस्था, सरसराई व्यवस्था, बिजुली (सडक बत्ती तथा हाईमाष्ट लाइट समेतको) तथा पानी जडान तथा सब मिटरहरूको जडान गरी शिरोभारो खर्च स्वरूप प्रति युनिट बढीमा दुई रुपैयाँ थप लिई महसुल संकलन गर्ने लगायतको जिम्मा पूर्ण रूपमा बसपार्क व्यवस्थापन पक्ष (ठेकेदार) को हुनेछ ।

(ख) बसपार्क व्यवस्थापन पक्ष (ठेकेदार)ले बसपार्कभित्रको मौजुदा मूल संरचना नभत्काई विभाजन (Partition) गर्न सक्नेछ । नगरपालिकाले बसपार्कमा आफ्नो सम्पर्क कार्यालय राख्नु परेमा बसपार्क व्यवस्थापन पक्ष (ठेकेदार) सँग भाडामा लिई वा संरचना थप गरी निःशुल्क प्रयोग गर्न पाउने छ ।

राजुसिंह कठायत
नगर प्रमुख

(ग) यस कार्यविधि बमोजिम प्रतिस्पर्धामा भाग लिई सम्झौता गर्ने बसपार्क व्यवस्थापन पक्ष (ठेकेदार) ले सम्झौता बमोजिमको एक वर्षको रकम अग्रिम रुपमा एकमुस्ट बुझाएमा १०% छुट गरिनेछ। मासिक रकम बुझाई सक्नु पर्ने समय सीमाभित्र बसपार्क व्यवस्थापन पक्ष (ठेकेदार) ले रकम नगरपालिकामा नबुझाएमा मासिक बुझाउनुपर्ने रकमको दैनिक ०.०५ प्रतिशत प्रतिदिनको हिसाबले थप जरिबाना लिनु पर्नेछ। अग्रिम धरौटी राखेको रकमले भाडा खेप्ने अवधि सम्म पनि भाडा नबुझाएमा धरौटी जफत गरी यस कार्यविधि बमोजिम सम्झौता रद्द गर्नु पर्नेछ ।

(घ) बोलपत्र पेस गर्दा राख्नुपर्ने नगद धरौटी वा बैंक जमानतको हकमा दरभाउ पत्र वा बोलपत्रमा उल्लेख भएको वार्षिक न्यूनतम रकमको १० प्रतिशत हुनेछ ।

(ङ) ठेक्का स्वीकृत भए पश्चात् बसपार्क व्यवस्थापन पक्ष (ठेकेदार) ले सम्झौता गर्न आउँदा बसपार्क क्षेत्र (मौजुदा भवन समेत) को न्यूनतम ३ महिनाको हुन आउने रकम नगदै धरौटी दाखिला गरी सम्झौता अवधिभरिको हुन आउने अवधि र रकम बराबरको बैंक जमानत संलग्न हुनु पर्नेछ ।

(च) बसपार्क व्यवस्थापन पक्ष (ठेकेदार) ले भाडा रकम बुझाउँदा महिना भुक्तान भएको मितिले १५ दिनभित्र बुझाई सोको निस्सा लिई सक्नु पर्नेछ । सो अवधिभित्र रकम नबुझाएमा १६ औं दिनदेखि मासिक बुझाउनु पर्ने रकमको ०.०५ प्रतिशत प्रतिदिनका हिसाबले जरिबाना लाग्नेछ। यस्तो जरिबाना र भाडा रकम धरौटी वा बैंक जमानतबाट कट्टी गर्नु पर्नेछ । धरौटीले थेग्ने अवधिसम्म पनि भाडा नबुझाएमा सम्झौता रद्द गर्नु पर्नेछ।

(छ) बसपार्कभित्रको शौचालय बसपार्क व्यवस्थापन पक्ष (ठेकेदार) ले नै सरसफाइ गरी सेवा ग्राहीलाई निःशुल्क प्रयोग गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

झ) बसपार्कभित्रका पसल व्यक्ति वा संस्थागत रूपमा कबुल गरी भाडा लीन पाउने गरी ठेक्का व्यवस्थापन गर्नु पर्नेछ। ठेक्का प्रक्रियाद्वारा सम्झौता भएका बसपार्क क्षेत्रभित्रका सटर/कोठा/ टहरा एक व्यक्ति वा संस्थाबाट अर्को व्यक्ति वा संस्थामा नामसारी हुन सक्ने छ ।

३२. नामसारी सम्बन्धी व्यवस्था : (१) ठेक्का प्रक्रियाद्वारा सम्झौता गरी सञ्चालनमा रहेको सटर/कोठा/ टहरा नामसारी गरी अन्य व्यक्ति वा संस्थाले प्रयोग गर्नुपर्ने भएमा,

क) सम्झौता रकमको हिसाबले एक महिना बराबरको रकम नामसारी शुल्क बापत नामसारी गरी लिनेले नगरपालिकामा बुझाउनु पर्नेछ ।

ख) नामसारी गरी दिने र लीने दुबै पक्ष स्वयं नगरपालिकामा उपस्थित भई निर्धारित फाराम भरी नामसारी किताबमा अभिलेख कायम गरी नामसारी हुने महिनासम्म मासिक बुझाउँदै आएको भाडा रकम र सम्झौताका सर्तहरू हेरफेर नहुने गरी नामसारी गर्न सकिनेछ।

ग) यसरी नामसारी गर्दा पुरानो पक्षको नामको धरौटी रकम फिर्ता हुने अवस्था रहेछ भने फिर्ता गरी नामसारी लीने पक्षलाई सोही बराबरको रकम धरौटी जम्मा गर्न लगाउनु पर्नेछ ।

राजुसिंह कठायत
नगर प्रमुख

घ) यस दफा बमोजिम नामसारी गर्न नामसारी हुने दिनसम्मको सम्पूर्ण भाडा तथा बाँकी बक्यौता रकम चुक्ता गरेको हुनु पर्नेछ । साथै बसपार्क व्यवस्थापन पक्ष (ठेकेदार) सँगको सम्झौताको अवधि कम्तीमा ६ महिना बाँकी रहेको हुनुपर्ने छ ।

ङ) यस कार्यविधि र ठेक्का व्यवस्थापनका बखत भए गरेका निर्णय एवं सर्तहरूको नामसारी लिने पक्षले पूर्णरुपमा पालना गर्नु पर्नेछ ,

च) एक आपसमा समझदारी गरी सटर/कोठा/ टहरा सट्टापट्टा गर्नु परेमा यसै दफा बमोजिमको प्रक्रिया पूरा गर्नु पर्नेछ । तर नामसारी शुल्कको हकमा जुन पक्षको मासिक भाडा रकम बढी हुन्छ, सोही बराबरको रकम मात्र दुई पक्षको समझदारीमा बुझाएको निस्सा पेस गरी नामसारी हुनेछ ।

३३. बाधा अड्काउ फुकाउ : १) यो कार्यविधिको कार्यान्वयनको क्रममा कुनै बाधा अर्चन आएमा सो को व्याख्या गर्ने वा बाधा अड्काउ फुकाउने अधिकार नगरपालिकालाई हुनेछ ।

३४. अन्य व्यवस्था : यस कार्यविधिमा उल्लेख नभएका विषयको हकमा नगरपालिकाको निर्णय, क्षेत्र गत नीति तथा कार्यक्रम र प्रचलित सार्वजनिक खरिद ऐन र नियमावली लगायतका कानुन बमोजिम हुनेछ ।

३५. खारेजी र बचाउ : बसपार्क व्यवस्थापन (पहिलो संशोधन) कार्यविधि २०८१ खारेज गरिएको छ ।सो कार्यविधि बमोजिम भए गरेका कार्यहरू यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

राजुसिंह कठायत
नगर प्रमुख

अनुसूची-१

बसपार्क प्रवेश शुल्क, बस पार्किङ शुल्कको दर

(क) बसपार्क प्रवेश शुल्क

| क.स. | विवरण | सेवा शुल्क रु. |
|---|---|---|
| १ | लामो दूरीमा चल्ने ठूला सवारी साधन | ३५०।- |
| २ | लामो दूरीमा चल्ने साना सवारी साधन | २५०।- |
| ३ | छोटो दूरीमा चल्ने ठूला सवारी साधन | १५०।- |
| ४ | छोटो दूरीमा चल्ने साना सवारी साधन | १००।- |
| ५ | नगरपालिका क्षेत्रभित्र चल्ने तिन पाङग्रे साना सवारी साधन | १०।- |

(ख) पार्किङ शुल्क रात बिताउनु पर्ने भएमा मात्र (प्रति रात)

| क.स. | विवरण | सेवा शुल्क रु. |
|---|---|---|
| १ | बस | १५०।- |
| २ | माइक्रो बस | १००।- |
| ३ | तीन पाँग्रे सवारी साधन | ५०।- |

(ग) विज्ञापन सम्बन्धी शुल्क

| क.स. | विवरण | वार्षिक शुल्क रु. (प्रति वर्ग फिट) |
|---|---|---|
| १ | भित्ते लेखन विज्ञापन | ५००।- |
| २ | होडिङ बोर्ड विज्ञापन | ६००।- |
| ३ | डिजिटल बोर्ड विज्ञापन | ७००।- |

(घ) सटर/कोठा/टहरा/ भाडा

| क.सं. | विवरण | मौजुदा संरचनाको मासिक (प्रति वर्ग फिट) दर | आफैले निर्माण गरेमा (प्रति वर्ग फिटं) दर |
|---|---|---|---|
| १ | सटर | रु. २५ | रु. १५ |
| २ | कोठा | रु. २० | रु. १० |
| ३ | टहरा | रु. १० | रु. ५ |

राजेन्द्र कठायत
नगर प्रमुख

अनुसूची-२

दफा ७ (ख) संग सम्बन्धित

राजुसिंह कठायत
नगर प्रमुख

बस व्यवसायीको व्यवसाय कर र बसपार्क सेवा प्रयोग सूचीकृत शुल्क

(क) व्यवसाय कर (वार्षिक)

| क.स | विवरण | शुल्क |
|---|---|---|
| १ | २५ वटासम्म सवारी साधन भएका प्रा. लि. | ५,००० |
| २ | ५० वटासम्म सवारी साधन भएका प्रा. लि. | १०,००० |
| ३ | १०० वटासम्म सवारी साधन भएका प्रा. लि. | १५,००० |
| ४ | १०० वटाभन्दा बढी सवारी साधन भएका प्रा. लि. | २०,००० |
| ५ | | |

(ख) बस पार्क सेवा प्रयोग सूचीकृत शुल्क (वार्षिक)

| क.सं | विवरण | शुल्क |
|---|---|---|
| १ | २५ वटासम्म सवारी साधन भएका प्रा. लि. | ५,००० |
| २ | ५० वटासम्म सवारी साधन भएका प्रा. लि. | १०,००० |

राजुसिंह कठायत
नगर प्रमुख

आज्ञाले

नवराज जैसी

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner